आज मिति २०७९ साल पौष १७ गते दिनको ११ बजे यस भेरीगंगा नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्यूको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको सभा कक्षमा तपसिल बमोजिमको उपस्थितीमा बसी तपसिल अनुसारका निर्णयहरु पारित गरियो ।

तपसिल :

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख
श्री धनसरा बोहरा, नगर उपप्रमुख
श्री दिनेश पुलामी मगर, वडा अध्यक्ष वडा नं. १
श्री चिरन्जिवि बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री गंगाबहादुर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेमबहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री लालसिं बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६
श्री कर्णबहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८
श्री प्रेमबहादुर आग्री, वडा अध्यक्ष वडा नं. ९
श्री विरबहादुर बस्नेत, वडा अध्यक्ष वडा नं. १०
श्री जयबहादुर नेपाली, वडा अध्यक्ष वडा नं. ११
श्री रामबहादुर डाँगी, वडा अध्यक्ष वडा नं. १२
श्री गणेशबहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३
श्री शेरबहादुर कामी, कार्यपालिका सदस्य
श्री सहविर महर, कार्यपालिका सदस्य
श्री पवित्रा घर्ती, कार्यपालिका सदस्य
श्री गौमाया खत्री, कार्यपालिका सदस्य
श्री खगीसरा पुन मगर, कार्यपालिका सदस्य
श्री मानसिं परियार, कार्यपालिका सदस्य
श्री अमृता वि.सी. विष्ट, कार्यपालिका सदस्य
श्री ओविसरा बस्याल, कार्यपालिका सदस्य
श्री कृष्ण प्रसाद पोखेल, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु :

श्री मान बहादुर ठाडा, लेखाअधिकृत
श्री कुलबहादुर खड्का, अधिकृत छैटौं
श्री कृष्ण बहादुर शाही, कार्यालय सहयोगी

निर्णय प्रमाणित

**प्रस्तावहरु :**

| क्र.सं. | एजेन्डाहरु : |
|---|---|
| १ | हर्रे मनिरामकाँडा सडकको IEE स्वीकृत तथा रकम व्यवस्थापन सम्बन्धमा । |
| २ | बाटो सरसफाईको बजेट व्यवस्थापन सम्बन्धमा । |
| ३ | योजना संशोधन सम्बन्धमा । |
| ४ | लेखपराजुल स्वास्थ्य चौकीलाई रकम भुक्तानी सम्बन्धमा । |
| ५ | नेपाल जलवायू परिवर्तन सहयोग कार्यक्रम (NCCSP) को योजना तथा बजेट सम्बन्धमा । |
| ६ | विभिन्न नीति, निर्देशिका, कार्यविधि, मापदण्ड पारित गर्ने सम्बन्धमा । |
| ७ | विविध सम्बन्धमा । |

**प्रस्ताव नं. १ : हर्रे मनिरामकाँडा सडकको IEE स्वीकृत तथा रकम व्यवस्थापन सम्बन्धमा ।**

निर्णय नं. १ : यस भेरीगंगा नगरपालिकाको हर्रे देखि मनिरामकाँडा सडकको IEE को बाँकी कार्य सम्पन्न गर्न प्रक्रिया अगाडी बढाई कार्य सम्पन्न गर्ने र सो कार्यमा लाग्ने खर्च नगरपालिकाको सेवा र परामर्श शीर्षकबाट आवश्यक रकम खर्च गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. २ : बाटो सरसफाईको बजेट व्यवस्थापन सम्बन्धमा ।**

निर्णय नं. २ : यस भेरीगंगा नगरपालिकाका विभिन्न वडाहरुमा गत असोज १८ गते देखि करिव १ हप्तासम्म आएको अबिरल बर्षातको कारण बाढीपहिरो गई वडाहरुमा सडक अवरुद्ध भएकोमा बाटो सरसफाईका लागि यस अधि नगरपालिका तथा वडाबाट विनियोजित भई उपभोक्ता समिति मार्फत बाटो सरसफाई सम्पन्न भएकोमा उक्त कार्यको रकम भुक्तानी दिन बजेट अपुग देखिएकोले प्राविधिक विलको आधारमा भैपरी पुँजीगत शीर्षकबाट बजेट विनियोजन गरी भुक्तानी दिने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. ३ : योजना संशोधन सम्बन्धमा ।**

निर्णय नं. ३ : यस भेरीगंगा नगरपालिकाका वडा नं. ३ र ४ का तपसिल बमोजिमका योजनाहरु संशोधन गर्नका लागि वडा कार्यालयबाट सिफारिस प्राप्त भई आएकोले उक्त योजनाहरु संशोधन गर्ने र आगामी नगरसभाबाट अनुमोदन गराउने निर्णय सर्बसम्मतिले पारित गरियो ।

तपसिल

| क्र.सं. | संसोधित योजनाको नाम | साबिकको योजनाको नाम | वडा नं. | रकम रु. |
|---|---|---|---|---|
| १ | ऐभानलोसे धानखोरीया सडक सरसफाई योजना | भैपरी आउने विविध वडा नं. ३ | ३ | २,४९,०७८। |
| २ | खरको छाना हटाउ कार्यक्रम | अति बिपन्न बर्ग निःशुल्क स्वास्थ्य बिमा वडा नं. ४ | ४ | ३,५०,०००। |

**प्रस्ताव नं. ४ : लेखपराजुल स्वास्थ्य चौकीलाई रकम भुक्तानी सम्बन्धमा ।**

निर्णय नं. ४ : यस भेरीगंगा नगरपालिका वडा नं. २ मा रहेको लेखपराजुल स्वास्थ्य चौकीमा खानेपानी तथा अपांगमैत्री शौचालय निर्माणका लागि स्वच्छता परियोजनासँग साझेदारी भएकोमा

उक्त स्वास्थ्य चौकीले भुक्तानी गर्नुपर्ने बाँकी रकम रु. १ लाख ७० हजार २ सय ५० रुपैयाँ यस नगरपालिकाको भुक्तानी दिनुपर्ने दायित्व शीर्षकबाट भुक्तानी दिने निर्णय सर्वसम्मतिले पारित गरियो।

**प्रस्ताव नं. ५ : नेपाल जलवायू परिवर्तन सहयोग कार्यक्रम (NCCSP 2) को योजना तथा बजेट सम्बन्धमा ।**

निर्णय नं. ५ : आ.ब. २०७९/०८० का लागि नेपाल जलवायू परिवर्तन सहयोग कार्यक्रम (NCCSP 2) को यस नगरपालिकालाई प्राप्त बजेट र नगरपालिकाले बिनियोजन गरेको बजेटवाट तपसिलबमोजिमका योजना तथा बजेट स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

तपसिल

| क.सं. | प्रस्तावित क्रियाकलाप | NCCSP2 को योगदान | नगरपालिकाको योगदान | कुल बजेट रु. हजारमा |
|---|---|---|---|---|
| कार्यक्रम : नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ | | | | |
| १. | **जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशील योजनाहरु** | १२५०० | - | १२५०० |
| १.१ | हात्तीसुडे खानेपानी योजना मर्मत, निर्माण तथा संरक्षण वडा नं. ४ | ४००० | - | ४००० |
| १.२ | काउले खानेपानी योजना मर्मत, निर्माण तथा संरक्षण वडा नं. ४ | ३५०० | - | ३५०० |
| १.३ | ठुलो हर्रे खोला डाँगी टोल सिंचाई कुलो निर्माण | ५००० | - | ५००० |
| २. | जलवायु परिवर्तन सम्बन्धि सचेतना अभिमुखीकरण (समुदाय, निर्वाचित प्रतिनिधि तथा विद्यालय), कृषि क्रियाकलाप (करेले वडा नं. १०, मसिना वडा नं. १२) सचेतना बोर्ड, वातावरण, जलवायु तथा जोखिम सम्वन्धि नीति नियम निर्माण, रेडियो जीङ्गल तथा अन्य सचेतनामुखी कार्यक्रम | १८५० | ११०० | २९५० |
| ३. | **जम्मा कार्यक्रम खर्च (१+२)** | १४३५० | ११०० | १५४५० |
| ४ | स्थानीय अनुकुलन कार्ययोजना (LAPA) निर्माण तथा छपाई | १५०० | - | १५०० |
| ५. | NCCSP 2 कार्यालय भाडा | ३०० | - | ३०० |
| ६. | सेवा करार कर्मचारी (सब-इन्जिनियर) | ३५० | - | ३५० |
| ७ | अनुगमन तथा समिक्षा | - | २०० | २०० |

निर्णय प्रमाणित

| | | | | |
|---|---|---|---|---|
| ८. | प्राबिधिक उपकरण | - | २०० | २०० |
| ९. | जम्मा खर्च (३+४+५) | १६५०० | १५०० | १८००० |

**प्रस्ताव नं. ६ : विभिन्न नीति, निर्देशिका, कार्यविधि, मापदण्ड पारित गर्ने सम्बन्धमा ।**

निर्णय नं. ६ : यस भेरीगंगा नगरपालिकाका बिभिन्न कार्यक्रमहरुलाई थप व्यवस्थित रुपले कार्यान्वयन गर्नका लागि बनेका, विधेयक समितिबाट निर्णय भई आएका तपसिल बमोजिमका नीति, निर्देशिका, कार्यविधि तथा दिग्दर्शन स्वीकृत गर्ने निर्णय सर्बसम्मतिले पारित गरियो ।

तपसिल

| क्र.सं. | नीति, निर्देशिका, कार्यविधि तथा दिग्दर्शनको नाम | कै. |
|---|---|---|
| १ | स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण निर्देशिका -२०७९ | |
| २ | स्वास्थ्य क्षेत्रको अनुगमन, मूल्यांकन तथा सुपरिवेक्षण निर्देशिका -२०७९ | |
| ३ | भेरीगंगा नगरपालिकाको स्वास्थ्य तथा सरसफाई नीति -२०७९ | |
| ४ | जटिल रोग र प्यारालाइसिसबाट पुर्ण अशक्त भएका बिरामीहरुलाई उपचार खर्च सम्बन्धि कार्यबिधि -२०७९ | |
| ५ | आर्थिक सहायता सम्बन्धि कार्यविधि -२०७९ | |
| ६ | आकस्मिक कोष सन्चालन तथा व्यवस्थापन कार्यविधि -२०७९ | |
| ७ | स्थानीय पूर्वाधार विकास आयोजना सन्चालन कार्यविधि -२०७९ | |
| ८ | स्थानिय पुर्वाधार मर्मत सम्भार कोष तथा कार्य सन्चालन कार्यविधि -२०७९ | |
| ९ | वातावरणीय तथा सामाजिक जोखिम प्रभाव अध्ययन दिग्दर्शन -२०७९ | |
| १० | गुनासो तथा सुझाव व्यबस्थापन कार्यविधि -२०७९ | |
| ११ | कृषि तथा पशु विकास साझेदारी कार्यक्रम सन्चालन कार्यविधि -२०७९ | |
| १२ | खानेपानी व्यवस्थापन कार्यविधि -२०७९ | |
| १३ | गरिवसँग नगरप्रमुख कार्यक्रम कार्यान्वयन निर्देशिका -२०७९ | |
| १४ | मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य नीति -२०७९ | |

**प्रस्ताव नं. ७ : बिबिध (क) : वडा कार्यालयको भवन निर्माण सम्बन्धमा ।**

निर्णय नं. ७ (क) : यस भेरीगंगा नगरपालिका कार्यालय सुर्खेतका तपसिलबमोजिमका वडाहरुमा आफ्नो वडाको कार्यालय भवन हालसम्म पनि निर्माण नभएकोले उक्त वडाहरुमा कार्यालय भवन निर्माण गर्नका लागि बजेट व्यवस्था गरिदिनका लागि शहरी विकास विभाग ललितपुर लगायत सम्बन्धित निकायलाई अनुरोध गरी पठाउने निर्णय सर्बसममतिले पारित गरियो ।

निर्णय प्रमाणित

तपसिल

| क्र.सं. | प्रशतावित वडा कार्यालय भवन | स्थान |
|---|---|---|
| १ | वडा नं. १ भवन | टाकुरी |
| २ | वडा नं. २ भवन | काल्पानी |
| ३ | वडा नं. ३ भवन | डुंगीखोला |
| ४ | वडा नं. ७ भवन | काठेघारी |
| ५ | वडा नं. १० भवन | थानीचौर |
| ६ | वडा नं. ९ भवन | जहरे |
| ७ | वडा नं. ११ भवन | रामघाट |
| ८ | वडा नं. १२ भवन | छिन्चु |

**प्रस्ताव नं. ७ : बिबिध (ख) : आर्थिक सहयोग सम्बन्धमा ।**

निर्णय नं. ७ (ख) : यस भेरीगंगा नगरपालिका वडा नं. ९ का वडा अध्यक्ष श्री प्रेमवहादुर आग्रीले आँखाको उपचारका लागि आर्थीक सहयोग गर्न निबेदन दिएकोले निजलाई रु. १ लाख रुपैयाँ भैपरि आउने चालु शीर्षकबाट आर्थीक सहयोग गर्ने निर्णय सर्वसममतिले पारित गरियो ।

**प्रस्ताव नं. ७ : बिबिध (ग) : कोरोना भाईरस (कोभिड १९) को पुनः संक्रमण सम्बन्धमा ।**

निर्णय नं. ७ (ग) : भारत लगायत छिमेकी मूलुकहरुमा पुनः कोरोना भाईरस (कोभिड १९) को संक्रमण देखिएकोले नेपालमा समेत त्यसको संक्रमण फैलनसक्ने भएकोले सम्पूर्ण भेरीगंगावासी लगायतलाई सचेत रहन र स्वास्थ्य सुरक्षाका उपायहरु (सेनिटाईजर, मास्क प्रयोग गर्न तथा दुरी कायम गर्न) प्रयोग गर्न अनुरोध गर्ने र सो कार्यमा सहयोग गर्नका लागि अन्य संघसंस्थाहरुलाई समेत अनुरोध गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।